लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कपिलवस्तु

फोन नं. ०७६५६००६३
Email: akckapilvastu@gmail.com
Website: www.akckapilvastu.lumbini.gov.np
Facebook: https://www.facebook.com/akckapilvastu
स्थान: तौलिहवा

## कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने म्याद थप सम्बन्धी सूचना।

सूचना नं : ०१६/आ.व. २०८२-८३ ( तेस्रो पटक प्रकाशित मितिः २०८३/०१/०४)

कृषि ज्ञान केन्द्र, कपिलवस्तुको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कार्यक्रममा तोकिएको मितिमा पर्याप्त आवेदन नपरेकाले तेस्रो पटक प्रकाशित सूचनामा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकासन मितिले १५औं दिन (मिति २०८३/०१/१८ गतेसम्म) कार्यालय समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको वेवसाईट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानकारीका लागि कार्यालयको फोन नम्वर ०७६-५६००६३ मा सम्पर्क गर्न सकिने छ।

तपसिलः कार्यक्रम क्रियाकलाप, मापदण्ड, अनुदान सीमा

| शिर्षक | क्रियाककलापहरु | मापदण्ड | कार्यक्रम संचालन क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| कार्यविधिको दफा ७(१) क्र.सं. ७ बिउ आत्मनिर्भर कार्यक्रम | •उत्पादन सामाग्रीः स्रोत बीउ, सूचिकृत प्राङगारिक मल, शुक्ष्मतत्व खरिद। •प्याकेजिङ सामाग्री, बीउ प्रमाणीकरण खर्च, प्रसोधन सहयोग, यन्त्र उपकरणहरु खरिद, भण्डारण सामाग्री तथा वजारीकरणमा सहयोग। | कार्यक्रम संचालन गर्नुपर्ने न्यूनतम क्षेत्रफलः<br>बीज बृद्धि (बाली): कठ्ठा<br>खाद्यान्न बाली बीउ: १५०<br>• कृपक/कृषक समुह/कृषि सहकारीले आवेदन पेश गर्न सकिने।<br>•एकल वा समुहमा बीउ उत्पादन गर्न सकिने।<br>• सामुहिक बीउ उत्पादन क्लस्टरमा गर्नुपर्ने।<br>• बीउविजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको हुनु पर्ने वा त्यस्तो संस्थासँग समन्वय हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिईने। | जिल्लाभर | कृपक/ कृपक समुह /कृषि सहकारी | •मूल/प्रजनन् बीउ र सामाग्रीको हकमा तपशिलमा उल्लेखित रकममा नवढ्नेगरी अधिकतम ५० प्रतिशत रकम उपलब्ध गराईने छ;<br>•खाद्यान्न/ दलहन/ तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु. १५००/- अनुदान दिईने। |

नोटः *लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषद), मिति २०८२/०६/२६ को निर्णय अनुसार ८० प्रतिशतलाई अन्तिम बजेट मानी कार्यक्रम कार्यान्वयन गरिने छ।*

संलग्न गर्नुपर्ने कागजातहरुः

१.प्रस्तावको निवेदन (अनुसूचि २३)।
२.दर्ता/नवीकरणभएको प्रमाण पत्रको प्रतिलिपि (कृपक समुह/कृषि सहकारीको हकमा)।
३.स्थायी लेखा नम्वर प्रमाण पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४.कार्यक्रम संचालनको लागि व्याधसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची-२४)
५.सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
६.प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपी (कृषक समुह/कृषि सहकारीको हकमा)।
७.दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची ३१)।
८.प्रस्ताव पेश गर्न आउने आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी।
९.रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।
१०.बीउविजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको वा त्यस्तो संस्थासँग समन्वय गरेको प्रमाणपत्र हुनु पर्ने छ।

०८३/१/४

घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दशौं)

Scanned with CamScanner
CamScanner
Scanned with CamScanner